# स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २२ मितिः २०७७/०९/२६

## भाग-२

## स्वामीकार्तिक खापर गाउँपालिका

**स्वमीकार्तिक खापर गाउँपालिककोगा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगी हरुकोकरार शिक्षक कर्मचारीहरुको परिक्षा सञ्चालन तथा नियुक्ति सम्बन्धी कार्यविधि २०७७**

स्वामीकार्तिक खापर गाउँपालिका

# स्वमीकार्तिक खापर गाउँपालिककोगा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगी हरुको करार शिक्षक कर्मचारीहरुको परिक्षा सञ्चालन तथा नियुक्ति सम्बन्धी कार्यविधि २०७७

**प्रस्तावना:**

विद्यालय शिक्षालाई समय सापेक्ष, युगानुकुल, गुणस्तरीय, पारदर्शी, वालमैत्री एवं समावेशि बनाउने उत्तरदायित्व तथा जिम्मेवारी स्थानीत तहको सरकारमा आउने सन्दर्भमा स्वामीकार्तिक खापरगाउँपालिकाले शिक्षा ऐन तयार पारी सकेको छ । नेपालको संविधानको धारा ३९ को शिक्षा सम्बन्धी मौलिक हक धारा ५७ को अनुसूचि ८ को शिक्षा सम्बन्धी व्यवस्थाले गाउँपालिका भित्रको माध्यामिक तह सम्मको शिक्षाको योजना तर्जुमा कार्यान्वयन व्यवस्थापन अनुगमन नियमन मूल्याङ्कन गर्ने अभिभारा गाउँपालिकाको भएको परिप्रेक्षमा स्वामीकार्तिक खापरगाउँपालिकाले विद्यालयको शैक्षिक वातावरण स्वच्छ र सुचकमा आधारित भै गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा करार शिक्षकतथा कर्मचारीर विद्यालयमा वाल विकास सहयोगी कार्यकर्ता व्यवस्थापन गर्न यस गाउँपालिकाको विद्यालय शिक्षा सम्बन्धी गाउँ शिक्षा ऐन २०७४ को परिक्षेद ४ लाई कार्यान्वयनतथा परिच्छेद ५ को नियम २४ को उपनियम २ बमोजिम करारमा शिक्षक तथा कर्मचारीनियुक्ति सम्बन्धी कार्यविधि २०७६ बनाइएको हो ।

**१. संक्षिप्त नाम,विस्तार र प्रारम्भ:**

क) यस कार्यविधिको नाम गाउँपालिका स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगी परीक्षा सञ्चालन तथा  नियुक्ति सम्बन्धी कार्यविधि, २०७६ रहेको छ ।

ख) यो कार्यविधि बाजुरा जिल्ला स्वामीकार्तिक खापर गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा लागु हुनेछ ।

ग) यो कार्यविधि गाउँ शिक्षा समितिस्वामीकार्तिक खापरगाउँ कार्यपालिका स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **ऐन** भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) सम्झनु पर्छ ।

ख) **नियमावली** भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) सस्झनु पर्छ ।

ग) **आयोग नियमावली** भन्नाले शिक्षक सेवा आयोग नियमावली , २०५७ (संशोधन सहित) सम्झनु पर्छ ।

घ) आधारभूत शिक्षा भन्नाले प्रारम्भिक वाल विकास देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

ङ) प्राथमिक शिक्षा भन्नाले कक्षा १ देखि ५ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

च) निम्म माध्यामिक शिक्षा भन्नाले कक्षा ६ देखि ८ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

छ) माध्यामिक शिक्षा भन्नाले कक्षा ९ देखि १२ कक्षा सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

ज) विद्यालय शिक्षा भन्नाले शिशु कक्षा देखि १२ कक्षा सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

झ) गाउँपालिका भन्नाले बाजुरा जिल्ला स्वामीकार्तिक खापर गाउँपालिका सम्झनु पर्छ ।

ञ) गाउँ सभा भन्नाले बाजुरा जिल्ला स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

ट) ऐन भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको शिक्षा ऐन सम्झनु पर्छ । विशेष शिक्षा भन्नाले दृष्टीबिहिन, बहीरा, अटिज्म बौद्धिक अपाङ्गता सुश्तश्रवण वा अती अशक्त शारिरिक अपाङ्गता भएका वालबालिकाहरुलाई छुट्टै समूहमा राखिदिने शिक्षा सम्झनु पर्छ ।

ठ) परीक्षा समिति भन्नाले शिक्षा नियमावली २०५९ संशोधन सहित नियम ९६ को क बमोजिम गठन गरिने समितिलाई जनाउछ ।

**३. उदेश्य:**

सामुदायिक विद्यालयहरुमा गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीहरुको नियुक्ती प्रक्रीयामा एकरुपता ल्याउन तथा अझ बढी पारदर्शी, व्यवस्थित र निश्पक्षता कायम गराउनु यस कार्यविधिको मुख्य उदेश्य रहेको छ ।

**४. कार्यक्षेत्र:**

यस बाजुरा जिल्ला स्वामीकार्तिक खापरगाउँपालिकामा संचालित सामुदायिक विद्यालयहरुमा स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगी हरुको नियुक्ती गर्ने कार्य यसको कार्यक्षेत्र भित्र पर्दछ ।

**५. विद्यालय शिक्षक पदको सिर्जना:**

स्वामीकार्तिक खापर गाउँपालिकाको आन्तरिक एवं राज्यकोषबाट प्राप्त अनुदान र आफ्नो आन्तरिक आय समेतलाई ध्यान दिई गाउँपालिकाले देहाय बमोजिम विद्यालय करार शिक्षक पदको सिर्जना गरिएको छ ।

**पदसमकक्षता**

शिक्षक (माध्यमिक तह) नेपाल सरकारको आधारभूत तह ९-१२ सरह शिक्षक, (आधारभूत तह) नेपाल सरकारको आधारभूत तह १-८ सरह, वाल विकास स.का. नेपाल सरकारको वालविकास सरह, विद्यालय कर्मचारी विद्यालय लेखा सहायक, विद्यालय सहयेगी, विद्यालय परिचर

६. **शैक्षिक योग्यता**:

**पद शैक्षिक योग्यता**

कम्प्यूटर शिक्षक कम्तिमा प्रमाणपत्र तह उतिर्ण गरी कम्प्यूटरमा डिप्लोमा गरेको र अध्यापन अनुमती पत्र प्राथमिक तह शिक्षक कम्तिमा प्रमाणपत्र तह उत्तिर्ण र अध्यापन अनुमती पत्र प्राप्त वाल विकास स.का. प्रविणता तह वा सो सरह

७. **पाठ्यक्रम:**

विद्यालय शिक्षक छनौट गर्दा देहाय अनुसारको पाठ्यक्रम लागु हुनेछ :

**पदपाठ्यक्रम**

प्राथमिक तह शिक्षक शिक्षक सेवाको पाठ्यक्रम अनुसार ।
आधारभुत र माध्यमिक शिक्षक सेवाको पाठ्यक्रम अनुसार ।
वाल विकास स.का. तथा विद्यालय कर्मचारी गाउँपालिका शिक्षा शाखाले तयार पारेको पाठ्यक्रम अनुसार

८. **विद्यालय गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको योग्यता**: देहायका व्यक्तिहरु विद्यालय गा.पा. स्वयंमसेवक/ करार/राहात/ इ.सी.डी.स.का./ विद्यालय कर्मचारी तथा सहयोगी पदमा उम्मेदवार हुन पाउने छैन्न ।

क) १८ बर्ष उमेर पुरा नभै ४० बर्ष नाघेको
ख) भबिष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरीने गरि सेवाबाट बर्खास्त भएको ।
ग) गैह्र नेपाली नागरिक
घ) नैतिक पतन देखि फौजदारी अभियोगमा अदालत बाट कसुरदार ठहरिएको ।

स्पष्टिकरणः  माथि दफा ८ मा जुनसुकै कुरा लिखएतापिन यो पहिलो पल्टको विज्ञापनमा समन्धित विद्यालयमा निजिरुपमा सेवा गिरिरहेका शिक्षकहरुमा एकपल्टको लागि उम्मेरको हद लाग्ने छैन ।

**९. विद्यालय शिक्षक छनौट समिति:**

क) विद्यालयमागा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीनियुक्ति गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

- ❖ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष- **अध्यक्ष**
- ❖ शिक्षा अधिकृत वा सो को काम गर्ने खटिएको व्यक्ति-**सदस्य**
- ❖ गाउँ शिक्षा समितिअध्यक्षले तोकेको एकजनाअधिकृत स्तरकोगा.पा. स्थायी कर्मचारी वासमन्धित तह र विषयको स्थायी शिक्षक- **सदस्य**
- ❖ गा.पा. वा शिक्षा विकास तथा समन्वय इकाईमा बिषय विज्ञको सूचिमा सूचिकृत  बिषय बिशेषज्ञ एक जना- **सदस्य**
- ❖ विद्यालय प्रधानाध्यापक- **सदस्य सचिब**

**यो दफाको प्रयोजनको लागिः यदि गाउँपालिकाले थप स्वयमसेवक शिक्षक /कर्मचारीको कोटा सिर्जना गरेमा देहायको समिति रहने छ ।**

- ❖ गाउँ शिक्षा समितिअध्यक्ष- **अध्यक्ष**
- ❖ गाउँ शिक्षा समितिअध्यक्षले तोकेको एकजनाअधिकृत स्तरको गा.पा. स्थायी कर्मचारी वासमन्धित तह र विषयको स्थायी शिक्षक **-सदस्य**
- ❖ गाउँ शिक्षा समितिअध्यक्षले तोकेको गा.पा. वा शिक्षा विकास तथा समन्वय इकाईमा बिषय विज्ञको सूचिमा सूचिकृत  बिषय बिशेषज्ञ एम जना –**सदस्य**
- ❖ सामजिक समिति संयोजक **–सदस्य**
- ❖ शिक्षा अधिकृत वा सो को काम गर्ने खटिएको व्यक्ति - **सदस्य सचिब**

**समितिको बैठक भत्ता तथा अन्य सेवा सुविधा गाउँकार्य पालिकाले निर्धारण गरे बमोजिम हुने छ ।**

शिक्षक छनोटका लागि प्रश्नपत्रको निर्माण उत्तर पुश्तिकाको परिक्षण तथा परिक्षा समन्धि अन्य कामकाज समितिको निर्णय बमोजिम हुने छ।

## अनुमति, विज्ञापन र दरखास्त संकलन

१०. अनुमति प्राप्त भएको हुनु पर्ने : विद्यालयको रिक्त वा गाउँपालिकाबाट प्राप्त गा.पा. स्वयंमसेवक कोटाको लागि गाउँपालिका बाट र संघीय रिक्त दरबन्दी वा राहत अनुदान कोटामा करार शिक्षक भर्ना गर्नका लागि शिक्षा विकास तथा समन्वय इकाइ बाजुरा बाट अनुमति प्राप्त भएको हुनुपर्नेछ।

११. विज्ञापन भएको हुनु पर्ने : (क) गाउँपालिका वा शिक्षा विकास तथा समन्वय इकाई बाजुराबाट करार शिक्षक भर्ना गर्नका लागि प्राप्त भएको अनुमतिका आधारमा विद्यालयले विव्यसको निर्णयानुसार कम्तीमा १५(पन्ध्र) दिनको समयावधि तोकि विज्ञापन प्रकाशन भएको हुनु पर्नेछ।

(ख) उपदफा (क) अनुसार प्रकाशन भएको विज्ञापन विद्यालय रहेको सम्वन्धित वडा कार्यालय, विद्यालयसँग सम्बन्धित शिक्षा यूवा तथा खेलकुद शाखा र शिक्षा विकास तथा समन्वय कार्यालय बाजुरा को सूचनापाटीमा टाँस गर्नका लागि लिखित पत्र सहित पठाईएको हुनु पर्नेछ।

(ग) उपदफा (क) अनुसार प्रकाशन भएको विज्ञापनमा **अनुसूची १** मा उल्लेखित कुराहरू अनिवार्य उल्लेख भएको हुनु पर्नेछ। विद्यालयले आवश्यक ठहऱ्याएका अन्य थप कुराहरू पनि विज्ञापनमा समावेश भएको हुन सक्नेछ। तर यसरी थप गरिएका कुराहरूले आवश्यक कागजात सहितको योग्यता भएका व्यक्तिहरूलाई उम्मेदवारी दिन बाधा पुऱ्याएको हुनु हुँदैन्।

१२. दरखास्त संकलन भएको हुनु पर्ने : (क) दफा ११ (क) अनुसार प्रकाशन भएको विज्ञापन अनुसार करार शिक्षक छनौट गर्नका लागि विद्यालयमा दरखास्त संकलन गर्ने व्यवस्था भएको हुनु पर्नेछ।

(ख) उपदफा (क) अनुसार संकलन भएका दरखास्तमा **अनुसूची २** मा उल्लेखित कुराहरू लगायत अन्य कुराहरू उल्लेख भएको हुनु पर्नेछ।

(ग) संकलित दरखास्तसाथ दफा ८ तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपि, र स्थायी अध्यापन अनुमतिको प्रमाण-पत्रको प्रतिलिपि संलग्न भएको हुनु पर्नेछ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनका लागि :

**अ. स्थायी अध्यापन अनुमति पत्र भन्नाले :**

१. शिक्षक सेवा आयोगबाट प्राप्त प्राथमिक तहमा अध्यापनका लागि प्राप्त गरेको स्थायी अध्यापन अनुमति पत्रलाई बुझाउँछ।

स्वामीकार्तिक खापर गाउँपालिका

२. कुनै उम्मेदवारले माथिल्लो तहमा अध्ययापन गर्नका लागि स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको भए पनि निजले स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको मानिनेछ ।

आ. संघीय सरकार बाट प्राप्त दरबन्दी तथा राहत कोटा करार र स्वयंमसेवक शिक्षक भर्ना गर्दा अध्यपन अनुमति पत्र अनिवार्य आबश्यक पर्ने छ तर गाउँपालिका बाट निर्धारण भएका स्वयमसेवक कोटाको लागि १५ दिने विज्ञापन खुला गर्दा पनि अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्तिले दरखास्त पेश गरेन भने थप ७ दिनको विज्ञापन खुला गर्दा अध्यापन अनुमति पत्र आवश्यक रहने छैन ।

(घ) उपदफा (ग) बमोजिम दरखास्त साथ संलग्न प्रमाण-पत्रका प्रतिलिपिहरूमा उम्मेदवार आफैले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरेको हुनु पर्नेछ ।

## दरखास्त फारामको छानबिन र उम्मेदवारको स्वीकृत नामावली प्रकाशन

१३. दरखास्त छानबिन गरी स्वीकृत/अस्वीकृतका लागि पेश गर्नु पर्ने : (१) विद्यालयद्वारा प्रकाशित विज्ञापनका लागि दफा १२ अनुसार संकलन भएका दरखास्तहरू उपर सदस्यसचिवले देहायका कुराहरूको आधारमा छानबिन गरी स्वीकृत गर्नु पर्ने भए स्वीकृत र अस्वीकृत गर्नु पर्ने भए अस्वीकृत गर्नु पर्ने कारणहरू सहित **अनुसूची ३क** को ढाँचामा दरखास्त स्वीकृति वा अस्वीकृतिका लागि समितिको बैठक समक्ष पेश गर्नु पर्नेछ :

(क) उम्मेदवारले दरखास्त फाराममा विज्ञापन नम्बर, पद, तह, श्रेणी, नाम, थर, ठेगाना र जन्म मिति खुलाएको छ, छैन,

(ख) विद्यालयद्वारा गरिएको विज्ञापनमा उल्लेख भए बमोजिम दरखास्त दस्तुर र आवश्यक कागजातहरू दरखास्त साथ संलग्न छ, छैन,

(ग) दरखास्त पेश गरेको पदको लागि शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) मा उल्लेख भए बमोजिम आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र तालिम पुगे, नपुगेको,

(घ) आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्र वा लब्धाङ्क विवरणपत्र (ट्रान्सकृप्ट) वा लब्धाङ्कपत्रको प्रतिलिपि दरखास्त साथ संलग्न छ, छैन,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न छ, छैन,

(च) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) मा उल्लेख भए बमोजिम स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि संलग्न छ, छैन,

(छ) शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को अनुसूची १४ बमोजिमको निरोगिताको प्रमाणपत्रको प्रतिलिपि वा कुबलियतनामा पत्रको सक्कल संलग्न छ, छैन,

(ज) दरखास्त फाराममा हालसालै खिचिएको फोटो टाँसिएको छ, छैन र उम्मेदवारले फोटो समेतमा पर्ने गरी दस्तखत गरेको छ, छैन,

(झ) दरखास्तमा उम्मेदवारले दस्तखत तथा ल्याप्चे सहीछाप गरेको छ, छैन,

१४. उम्मेदवारको दरखास्त स्वीकृत वा अस्वीकृत गरिने : (क) दफा १३ अनुसार स्वीकृति वा अस्वीकृतिका लागि पेश गरेका दरखास्त फारामहरूलाई समितिको वैठकबाट स्वीकृत गर्नु पर्ने भए स्वीकृत र अस्वीकृत गर्नु पर्ने भए अस्वीकृत गर्नु पर्नेछ ।

(ख) उपदफा (क) अनुसार दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको नामावली **अनुसूची ३ख** को ढाँचामा तयार पारी लिखित परीक्षा सञ्चालन हुनु भन्दा १ दिन अगाडि सम्बन्धित स्रोतकेन्द्रमा (स्रोतकेन्द्रमा परीक्षा हुने भएमा) को सुचनापाटीमा अध्यक्ष र सदस्यसचिवले संयुक्त दस्तखत गरी टाँस गर्नु पर्नेछ ।

(ग) उपदफा (ख) अनुसार दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको दरखास्त फाराम, फाराममा संलग्न कागजातहरू र दरखास्त दस्तुर कुनै पनि अवस्थामा फिर्ता गरिने छैन् ।

(घ) उपदफा (क) को सुचनामा नाम समावेश नभएका उम्मेदवारको दरखास्त अस्वीकृत भएको मानिनेछ । दरखास्त अस्वीकृत भएका उम्मेदवारले कुनै पनि परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(ङ) दरखास्त अस्वीकृत भएका उम्मेदवारको दरखास्त साथ पेश गरेका कागजातहरू फिर्ता गरिनेछैन् । तर दरखास्त शुल्क भने फिर्ता गर्न सकिनेछ ।

१५. दरखास्त रद्द गर्न सकिने : सदस्यसचिवले प्रकाशन गरेको स्वीकृत नामावलीमा उल्लेखित उम्मेदवारहरूले दर्ता गराएको दरखास्त फाराम र संलग्न गरेका कागजातहरूमा भएको दस्तखत, ल्याप्चे छाप उम्मेदवार आफैले नगरी अर्कैले किर्ते गरेको उजुरी परी करार शिक्षक छनौट समितिले सम्बन्धित उम्मेदवारलाई तत्काल दस्तखत, ल्याप्चे लगाउन लगाई दरखास्त फाराममा भएको दस्तखत र ल्याप्चे छापसँग भिडाउँदा मेल नखाएमा वा दरखास्त फाराम र संलग्न गरेका कागजातहरूमा भएको दस्तखत, ल्याप्चे छाप परीक्षामा प्रयोग हुने उत्तरपुस्तिका अनुसार नमिलेको अवस्थामा करार शिक्षक छनौट समितिको बैठकबाट निर्णय गरी त्यस्ता उम्मेदवारको दरखास्त करार शिक्षक छनौट समितिले रद्द गर्न सक्नेछ ।

१६. दरखास्त रद्द गरिएका उम्मेदवारको नाम छनौट प्रक्रियाबाट हटाईने : दफा **१५** अनुसार दरखास्त रद्द गरिएका उम्मेदवारले लिखित र अन्तर्वार्ता परीक्षा दिईसकेको भए पनि निजले दरखास्त दर्ता नगरेको सरह मानी निजको नामावली छनौट प्रक्रियाबाट

## पाठ्यक्रम, प्रश्न-पत्र निर्माण र उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था

१७. लिखित परीक्षाको पाठ्यक्रम : विद्यालयद्वारा प्रकाशित विज्ञापन अनुसारको रिक्त गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीदरबन्दीमा करार शिक्षक तथा कर्मचारी छनौट गर्नका लागि सञ्चालन हुने लिखित परीक्षामा सहभागी उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराउनका लागि दफा ८ अनुसार तोकीयको पाठ्यक्रमलाई प्रयोग गरिनेछ ।

१८. लिखित परीक्षाको पुर्णाङ्क : (क) लिखित परीक्षाको पूर्णाङ्क २०० हुनेछ ।

(ख) २०० पूर्णाङ्कको लिखित परीक्षालाई १०० प्रथम पत्र बस्तुगत प्रश्न र १०० पूर्णाङ्कको द्धितिय पत्र विषयगत गरी २ भागमा बाँडिनेछ ।

१९. बस्तुगत प्रश्न : (क) बस्तुगत प्रश्नहरू ५० वटा हुनेछन् ।

(ख) प्रत्येक बस्तुगत प्रश्नहरूको अंकभार २ का दरले ५० वटा प्रश्नहरूको कूल अंकभार १०० हुनेछ ।

(ग) बस्तुगत प्रश्नपत्रको नमूना **अनुसूची ४** बमोजिम हुनेछ ।

२०. विषयगत प्रश्नपत्र :

(क) सम्बन्धित विषयसँग सम्बन्धित प्रश्नहरूलाई समूह मा १०/१० अंकभारका १० वटा लामो उत्तर आउने प्रश्नहरू सोधिनेछन् ।

(ख) उपदफा (क) अनुसार सोधिने लामो उत्तर आउने प्रश्नहरूलाई कूल अंकभारमा फरक नपर्ने गरी टुक्र्याएर सोध्न सकिनेछ ।

(ग) विषयगत प्रश्नपत्रको नमूना **अनुसूची ५**र वस्तुगत प्रश्नको आवरण अनुसूचि ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

**स्पष्टीकरण :** दफा २० मा जुन सुकै लेखिएता पनि इ.सी.डी.सहजकर्ता, विद्यालय कर्मचारी तथा सहयोगीको परिक्षामा विषयगत वा वस्तुगत वा दुवै परिक्षा गरिनेछ ।

२१. प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण गर्ने जिम्मेवारी : (क)प्रश्नपत्रको निर्माण गर्ने र उत्तरपुस्तिकाको परीक्षण गर्ने कामको जिम्मेवारी सामान्यतया विशेषज्ञ वा तत्काल तोकिएको विशेषज्ञहरूको हुनेछ ।

**तर,** समितिलाई निजहरूबाट प्रश्नपत्र निर्माण गर्दा परीक्षामा स्वस्थ्य प्रतिपर्स्धा गराउन बाधा पुग्ने शंका भएमा साविकको स्रोतकेन्द्र वा उच्चतम विद्यालयमा तत्काल उपलब्ध निमावि/मावि तहमा अध्यापनरत शिक्षकहरू वा समितिभित्र कै कम्तिमा स्नातक योग्यता हासिल गरेका अन्य व्यक्तिहरूबाट प्रश्न निर्माणकर्ता तोकी प्रश्नपत्र निर्माण गराउन सकिनेछ । यसरी विशेषज्ञ बाहेक अन्यले प्रश्न निर्माण गरेको अवस्थामा सो कुराको निर्णय करार शिक्षक छनौट समितिको निर्णय पुस्तिकामा उल्लेख गर्नुपर्नेछ ।

(ख) उपदफा (क) अनुसार प्रश्नपत्र निर्माणको काम विशेषज्ञ वा तत्काल तोकिएको व्यक्तिहरूलाई बेग्लाबेग्लै वा संयुक्त रूपमा गर्ने गरी तोक्न सकिनेछ । बेग्लाबेग्लै रूपमा गर्ने गरी तोकेको अवस्थामा अध्यक्षले चिट्ठा वा अन्य उपयुक्त माध्यमबाट लिखित परीक्षाका लागि अन्तिम प्रश्नहरू छनौट गर्ने काम गर्नेछ ।

(ग) उपदफा (ख) अनुसार अन्तिम निर्माण गरिएका प्रश्नहरू (कम्प्युटर प्रिन्ट कपी वा हस्तलिखित कपी) बाहेक अन्य खेस्रा गरिएका कागजहरू तत्कालै यथास्थानमै नष्ट गर्नुपर्नेछ । यिनीहरूको प्रतिलिपि कसैले पनि राख्न पाउनेछैन् ।

(घ) उपदफा (क) बमोजिम प्रश्नपत्रको निर्माण गर्ने र उत्तरपुस्तिकाको परीक्षण गर्ने जिम्मेवारी पाएका विशेषज्ञहरू/शिक्षकहरूले प्रश्नपत्रको निमार्ण कार्य गर्नु पूर्व वा निर्माण कार्य गर्दा गोप्यता भंग गरेको वा समितिको निर्देशन पालना नगरेको पाईएमा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को परिच्छेद २३ सजाय सम्बन्धी व्यवस्थामा उल्लेखित हदै सम्मको सजायका लागि सम्बन्धित निकायमा विव्यसले सिफारिस गर्नेछ ।

२२. प्रश्नपत्र निर्माण गर्ने समय : लिखित परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि प्रश्नपत्र निर्माण गर्ने काम परीक्षा सञ्चालन हुने भनी तोकिएको ३ (तीन) घण्टा पूर्व देखि सुरू गरी परीक्षा सञ्चालन हुनु भन्दा ५ मिनेट पूर्व टुङ्ग्याईने गरी गरिनेछ । यदि कुनै कारणबस उक्त अवधिभित्र प्रश्नपत्र निर्माणको काम सम्पन्न नभए परीक्षार्थीहरूलाई तोकिएको समयमा परीक्षा हलमा प्रवेश गराई प्रश्नपत्र निर्माणको काम निरन्तर जारी राखि सम्पन्न गरिनेछ ।

२३. प्रश्नपत्रको प्रकाशन : (क) विशेषज्ञ सदस्य वा तोकेको व्यक्तिहरूले निर्माण गरेका प्रश्नहरूको अन्तिम रूप दिने काम विशेषज्ञ वा तोकेका व्यक्तिहरूले संयुक्त रूपमा गर्नु पर्नेछ ।

(ख) उपदफा (क) अनुसार अन्तिम रूप दिईएको प्रश्नहरूलाई उम्मेदवार संख्याको थप ३ (तीन) प्रति संख्यामा प्रकाशन गर्ने काम कार्बन पेपरको सहायताबाट उतारेर वा कम्प्युटर टाईप गरी प्रिन्ट गरेर समितिले तोकेको व्यक्तिले गोप्य रूपमा गर्नु पर्नेछ ।

२४. उत्तरसूची उपलब्ध गराउनु पर्ने : प्रश्नपत्र निर्माण गर्ने व्यक्तिहरूले परीक्षा सञ्चालन भएको ३० मीनेट पछि गोप्य रूपमा बस्तुगत प्रश्नहरूको सही उत्तरसूची र विषयगत प्रश्नहरूको बुँदागत उत्तरसुची तयार पारी परीक्षाको समाप्ति लगत्तै परीक्षणका लागि समिति मार्फत परीक्षणकर्ताहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

२५. उत्तरपुस्तिका परीक्षणका लागि उपलब्ध गराईने : (क) लिखित परीक्षाको समाप्ति लगत्तै उत्तरपुस्तिकाहरूमा कोड (संकेत नम्बर) राखी परीक्षणका लागि विशेषज्ञहरूलाई उपलब्ध गराईनेछ ।

(ख) उपदफा (क) बमोजिम आफूलाई उपलब्ध गराईएको उत्तरपुस्तिका परीक्षण गरी सके पश्चात उत्तरपुस्तिका परीक्षण गर्ने विशेषज्ञहरूले उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक उल्लेख गरी समितिले तोकेको अन्य पदाधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

**स्पष्टीकरण :** यस उपदफा प्रयोजनको लागि अन्य पदाधिकारी भन्नाले उत्तरपुस्तिका परीक्षण गर्ने बाहेक समितिले तोकेको अन्य पदाधिकारीलाई बुझाउँछ ।

२६. बस्तुगत उत्तरपुस्तिका परीक्षण सम्बन्धी विशेष व्यवस्था : उत्तरपुस्तिका परीक्षण सम्बन्धमा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुराहरू उल्लेख गरिएतापनि बस्तुगत उत्तरपुस्तिकाहरू प्रश्नपत्र निर्माणकर्ताले उपलब्ध गराएको उत्तरसूचीहरूका आधारमा समितिका जुनसुकै पदाधिकारीहरूले समेत परीक्षण र रूजु गर्न सक्ने गरी समितिले तोक्न सक्नेछ ।

## लिखित परीक्षाको सञ्चालन

२७. लिखित परीक्षाको सञ्चालन : (क)विज्ञापनमा उल्लेखित वा विद्यालयद्वारा पछिल्लो पटक सूचना प्रकाशन गरी जानकारी गराएको मिति, स्थान र समयमा लिखित परीक्षाको सञ्चालन गरिनेछ ।

(ख) लिखित परीक्षाको बस्तुगत प्रश्नपत्रको समय १ घण्टा र विषयगत प्रश्नहरूको समय ३ घण्टा गरी लिखित परीक्षाको जम्मा समय ४ (चार) घण्टाको हुनेछ ।

(ग) लिखित परीक्षामा अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले केन्द्राध्यक्षको रूपमा काम गर्नेछन् भने विद्यालय निरीक्षक वा समितिले तोकेको व्यक्ति र सदस्यसचिवले निरीक्षकको रूपमा काम गर्नेछन् ।

(घ) लिखित परीक्षा चलिरहेको स्थानमा केन्द्राध्यक्ष, निरीक्षक र परीक्षार्थी उम्मेदवारहरू बाहेक अरू कसैले प्रवेश गर्न पाउने छैन् ।

२८. उत्तरपुस्तिका सम्बन्धी व्यवस्था : (क) विषयगत परीक्षाको मूल उत्तरपुस्तिकाको आवरण पृष्ठ **अनुसूची ६** मा उल्लेख भएबमोजिम हुनेछ ।

(ख) बस्तुगत उत्तरपुस्तिकाको नमुना **अनुसूची ७** मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) विषयगत परीक्षाको उत्तरपुस्तिका आवरण पृष्ठ बाहेक **बाह्र** (दुवै तर्फ गरी) पृष्ठको हुनेछ र परीक्षर्थीले उत्तर लेख्दा आवरण पृष्ठ बाहेक उत्तरपुस्तिकाको दुर्व तर्फ लेख्नुपर्नेछ ।

(घ) विषयगत परीक्षाको मूल उत्तरपुस्तिका नपुग भएको अवस्थामा उम्मेदवारलाई थप उत्तरपुस्तिका (हरु) उपलब्ध गराईनेछ । थप उत्तरपुस्तिको पहिलो पृष्ठको नमुना **अनुसूची ६क** मा उल्लेख भए बमोजिम भई **छ पृष्ठ** (दुवै तर्फ सुरु पृष्ठ देखि) को हुनेछ ।

२९. परीक्षा केन्द्रमा प्रवेश गर्ने : (क) उम्मेदवारहरू परीक्षा शुरू हुने समय भन्दा १५ मीनेट अगाडि परीक्षा केन्द्रमा प्रवेश गरी सक्नु पर्नेछ । परीक्षा शुरू भएको १ घण्टा पछि परीक्षा केन्द्रमा प्रवेश गर्न दिइने छैन् ।

(ख) परीक्षा सञ्चालन भएको १ घण्टा अवधि व्यतीत भएपछि मात्र परीक्षा छाडी जान चाहने परीक्षार्थी उम्मेदवारहरूलाई परीक्षा भवन बाहिर जान अनुमति दिनु पर्नेछ ।

३०. परीक्षामा अनियमित काम गर्ने उपर कारबाही : (क) कुनै परीक्षार्थी उम्मेदवारले परीक्षा भवनमा अनियमितता गरे/गराएको पाईएमा केन्द्राध्यक्षले तत्काल त्यस्तो परीक्षार्थी उम्मेदवारलाई परीक्षा भवनबाट निष्काशन गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम केन्द्राध्यक्षले कुनै परीक्षार्थी उम्मेदवारलाई निष्काशन गरेकोमा त्यसरी निष्काशन गर्नु परेको कारण उल्लेख गरी समिति समक्ष लिखित जानकारी दिनु पर्नेछ ।

(ग) दफा (क) बमोजिम निष्काशन गरिएको परीक्षार्थी उम्मेदवारको दरखास्त स्वतः रद्द भएको सरह मानी निजलाई छनौट प्रक्रियाबाट हटाईनेछ ।

**३१. उम्मेदवारको हाजिरी :** लिखित र अन्तर्वार्ता परीक्षामा सहभागी भएका उम्मेदवारहरूको हाजिरी क्रमशः **अनुसूची १४** र **अनुसूची १५** बमोजिमको फाराम अनुसार राख्नु पर्नेछ ।

३२. पुनः लिखित परीक्षा सञ्चालन नगरिने : (क) समितिले सञ्चालन गरेको लिखित परीक्षामा कुनै पनि उम्मेदवारले दुवै पत्रमा न्युनतम ४० अंक प्राप्त नगरेमा पुनः परीक्षा सञ्चालन गरिने छैन् ।

(ख) परीक्षामा अनुपस्थित वा परीक्षाबाट निष्काशन गरिएको उम्मेदवारका लागि पनि पुनः परीक्षा सञ्चालन गरिने छैन् ।

## कोड (संकेत नम्बर) सम्बन्धी व्यवस्था

३३. उत्तरपुस्तिकामा कोड (संकेत नम्बर) राख्ने : (क) लिखित परीक्षाका उत्तरपुस्तिकाहरूमा अनिवार्य रूपमा संकेत नम्बर राख्नु पर्नेछ ।

(ख) उत्तरपुस्तिकाहरूमा कोड (संकेत नम्बर) राख्ने जिम्मेवारी र तरीका देहाय बमोजिम हुनेछ :-

(अ) लिखित परीक्षा सकिए लगत्तै विशेषज्ञ बाहेक अन्य पदाधिकारी मध्ये समितिले तोकेको व्यक्तिले उत्तरपुस्तिकामा कोड (संकेत नम्बर) राख्नेछ ।

(आ) उत्तरपुस्तिकाहरूमा कोड (संकेत नम्बर) राख्दा उत्तरपुस्तिकाहरूलाई तलमाथि पारी छासमिस गरी राख्नु पर्नेछ ।

(इ) कोड (संकेत नम्बर) राखेपछि उम्मेदवारको नाम, थर, रोल नम्बर, विषय, मिति आदि उल्लेख भएको अर्धकट्टीहरू च्यातेर कोड नम्बर राख्ने व्यक्तिले उत्तरपुस्तिका परीक्षणको काम पूर्ण रूपमा नसकिए सम्म अरू कसैलाई नदेखाई गोप्य रूपमा आफुसाथ राख्नु पर्नेछ ।

## लिखित परीक्षाको नतिजा प्रकाशन

३४. लिखित परीक्षाको नतीजा प्रकाशन : (क) दफा २५ को उपदफा (ख) अनुसार प्राप्तांक सहित प्राप्त भएका उत्तरपुस्तिकाहरूमा उल्लेखित कोड नं. र आफुसाथ भएको कोड (संकेत नम्बर) को अर्धकट्टीहरू भिडाई **अनुसूची ८** को डिकोड फारामको ढाँचामा प्रत्येक उम्मेदवारहरूको प्राप्तांक चढाउनु पर्नेछ । यसरी तयार पारेको डिकोड फाराममा उल्लेखित प्राप्तांक अध्यक्षबाट प्रमाणित गराउनु पर्नेछ । प्रथम पत्र बस्तुगतमा न्यूनतम उत्तीर्णङ्क ५० हुने छ र उत्तीर्ण भएका सम्पूर्ण उम्मेदवारहरुको वणानुक्रम अनुसार सबैको नाम प्रकासन गरिने छ । नतिजा प्रकासन गर्दा अनसूचि ८ (क) बमोजिम हुने छ ।

(ख) उपदफा (क) अनुसार आफूसमक्ष प्राप्त भएको नतीजालाई अध्यक्षले रूजु गरी संशोधन हुने भए संशोधन सहित र संशोधन नहुने भए जस्ताको त्यस्तै प्रमाणित गर्नु पर्नेछ ।

(ग) उपदफा (ख) अनुसार प्रमाणित गरिएको डिकोड फारामका आधारमा सदस्यसचिव वा अध्यक्ष वा दुवैले दस्तखत गरी वस्तुगत र विषयगत परिक्षाको प्राप्तांकको जोड सहित सबैभन्दा बढी अंक प्राप्त थप २ **(दुई)** जनाको नाम बर्णानुक्रमानुसार उल्लेख गरी अन्तर्वार्ताका लागि सूचना प्रकाशन गर्न **अनुसूची ९** बमोजिमको ढाँचामा अन्तर्वार्ता सञ्चालन हुने मिति, समय र स्थान तोकी सदस्यसचिवले सूचना तयार गरी आफैले वा अध्यक्षद्वारा वा दुवैद्वारा दस्तखत गरी परीक्षा केन्द्रको सुचनापाटीमा सुचना टाँस गर्नु पर्नेछ ।

(घ) उत्तरपुस्तिकाहरूमा उल्लेखित प्राप्तांकलाई डिकोड फाराममा उल्लेख गर्दा कसैले पनि न्युनतम् उत्तीर्णाङ्क ( वस्तुगत र विषयगत दुवै गरी ४० अंक) प्राप्त नगरेको पाईएमा पुनः रितपूर्वकको विज्ञापन प्रकाशन गर्नका लागि विव्यसलाई सिफारिस गरिनेछ ।

(ङ) उपदफा (घ) अनुसार सिफारिस भई पुनः विज्ञापन भएको अवस्थामा परीक्षा सञ्चालन देखि सिफारिस सम्मका पुन : सञ्चालन गर्नु पर्ने कामहरू यसै कार्यविधि बमोजिम सञ्चालन गरिनेछन् ।

## अन्तर्वार्ता सम्बन्धी व्यवस्था

३५. अन्तर्वार्ता सञ्चालन हुने समय : (क) दफा ३४ (ग) अनुसार लिखित परीक्षाको नतीजा प्रकाशित हुँदा तोकिएको मिति, समय र स्थानमा सफल भएका उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन हुनेछ ।

(ख) लिखित परीक्षाको नतीजा प्रकाशन गर्दा तोकिएको मिति पूर्व नै अन्तर्वार्ता सञ्चालन गरी पाउँ भनी लिखित परीक्षामा सफल भई अन्तर्वार्ताका लागि छनौट भएका सम्पूर्ण उम्मेदवारहरूले संयुक्त रूपमा

लिखित निवेदन दिएमा करार शिक्षक छनौट समितिले अन्तर्वार्ताको मिति, समय र स्थानमा हेरफेर गर्न सक्नेछ ।

३६. अन्तर्वार्ता समिति : (क) लिखित परीक्षामा सफल उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गर्नका लागि समितिले एउटा अन्तर्वार्ता समिति गठन गर्नेछ । यसरी गठन हुने अन्तर्वार्ता समितिमा कम्तिमा ३ जना र अधिकतम ५ जना सदस्य रहनेछन् ।

(ख) अन्तर्वार्ता समितिमा करार शिक्षक छनौट समितिका अध्यक्ष, सदस्यहरू र सदस्य सचिव बाहेक अन्य व्यक्तिहरू रहन पाउनेछैन् ।

३७. अन्तर्वार्ताको पुर्णाङ्क : (क) अन्तर्वार्ताको कूल पूर्णाङ्क ३० हुनेछ ।

क) अन्तरवार्ता: अन्तरवार्ताको लागि देहाय अनुसार ३० अंक छुट्याइनेछ:

- ❖ सेवा प्रवेश को लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ३ अंक, द्धितीय श्रेणी भए २ अंक
- ❖ माथील्लो एक तहको योग्यता वापत प्रथम श्रेणी भए २ अंक, द्धितीय श्रेणी भए १ अंक
- ❖ अनुभव वापत बर्षको ०.५ अंकका दरले बढीमा १० बर्षको ५ अंक
- ❖ स्थानियता: सम्बन्धित वडा -५, गा.पा.-३, जिल्ला-२ र बाहीरको ०
- ❖ अन्तरवार्ता वापत १० अंकको हुनेछ जुनदेहयका अंकको आधारमा अनुसूचि १0को फारम प्रयोग गरि अंक दिनु पर्ने छ ।

  क) व्यक्तित्व र पोषाक २ अंक,

  ख) प्रस्तुतीकरण शैली-३

  ग) समसामयिक बिषय बस्तुको ज्ञान २ अंक

  घ) सम्बन्धित बिषयको ज्ञान ३अंक

(७० % भन्दा बढी र ४० % भन्दा कम अंक दिनु पर्ने भएमा स्पष्ट कारण खुलाउनु पर्ने) ।

३८. अन्तर्वार्ताको अंक प्रदान गर्नका लागि **अनुसूची १०**बमोजिमको अन्तर्वार्ता फारामको प्रयोग गरिनेछ ।

**३९छुट अन्तरवार्ता लिन सक्ने:**

देहायका कारण देखाई अन्तरवार्ता सम्पन्न भएको मितिले १० दिन भित्र अन्तरवार्ताको लागि उपस्थित हुन नसकेमा प्रमान पत्र सहित निवेदन दिएमा र जाँच बुझ गर्दा मनासिब देखिएमा छनौट समितिले अन्तरवार्ता भएको मितिले १५ दिन भित्र त्यस्तो छुट उम्मेदवारको अन्तरवार्ता लिन सक्नेछ ।

क) भवितब्य परेमा (बाढी पहिरो गई बाटो बन्द हुनु)

ख) किरिया बस्नु परेमा

ग) सुत्केरी भएमा

घ) अशक्त बिरामी भएको कुरा चिकित्सकबाट प्रमाणित भएमा,

**अन्तिम नतिजा प्रकाशन तथा सिफारिश सम्बन्धी व्यवस्था**

४०. योग्यताक्रम सूची तयार गर्ने : (क) अन्तर्वार्ता परीक्षाको प्रक्रिया समाप्त भए लगत्तै देहायमा उल्लिखित उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक जोडी **अनुसूची ११**बमोजिमको फाराममा योग्यताक्रम सूची तयार गर्नु पर्नेछ :-

(अ) लिखित परीक्षाको प्राप्तांक,

(आ) अन्तर्वार्ताको औषत प्रातांक

४१. सफल उम्मेदवारको नामावली प्रकाशन : (क) लिखित परीक्षा, अन्तर्वार्ता परीक्षा शैक्षिक योग्यता र सेवा गरे बापतको प्राप्तांक जोडी सबै भन्दा बढी अंक प्राप्त गर्ने १ जना उम्मेदवारलाई सफल र सो भन्दा पछिल्लो कम अंक प्राप्त गर्ने उम्मेदवारलाई बैकल्पिक उम्मेदवारको रूपमा उल्लेख गरी सिफारिस सुचना प्रकाशन गर्न समितिले तोकेको व्यक्तिले **अनुसूची १२** बमोजिमको ढाँचामा सिफारिस सूचना तयार गर्नु पर्नेछ ।

(ख) उपदफा (क) अनुसार सिफारिस सूचना तयार गर्दा उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक गोप्य राख्नु पर्नेछ ।

(ग) उपदफा (क) अनुसारको सिफारिस सुचना सदस्यसचिव वा अध्यक्ष वा दुवैले दस्तखत गरी प्रकाशन गर्नुपर्नेछ ।

(घ) उपदफा (ग) अनुसार प्रकाशित सिफारिस सूचनामा सफल उम्मेदवार भनी नाम उल्लेख भएका उम्मेदवारलाई निजले निवेदन दिएकै दिन देखि विद्यालयमा हाजिर गराई निवेदन पेश गरेको ७ (सात) दिनभित्र विव्यसको निर्णयानुसार विद्यालयले करार नियुक्ति दिई नियुक्ति दिएको ७ (सात) दिनभित्र उक्त नियुक्ति अभिलेखिकरणका लागि तपशिलका कागजात सहित शिक्षा विकास तथा समन्वय इकाई बाजुरामा लिखित जानकारी सहित पठाउनु पर्नेछ साथै उक्त जानकारी स्वामीकार्तिक खापर गाउँपालिका समेत पठाउनु पर्नेछ ।

**आवश्यक कागजातहरू :**

१. करार शिक्षक छनौट समितिको सिफारिस पत्र र सिफारिस सम्बन्धी निर्णयको प्रतिलिपी १ प्रति

२. करार शिक्षक नियुक्ति गर्ने विव्यसको निर्णयको प्रतिलिपी १ प्रति

३. सफल उम्मेदवारको नेपाली नागरिकताको प्रतिलिपी १ प्रति

४. सफल उम्मेदवारको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति

५. सफल उम्मेदवारको न्युनतम शैक्षिक योग्यता र तालिम सम्बन्धी प्रमाण पत्रका प्रतिलिपिहरू

६. स्वामीकार्तिक खापर गाउँपालिको तोकिएको खातामा रकम जम्मा गरेको सक्कल भौचर

८. नियुक्ति अभिलेखीकरणका लागि विद्यालयले शिक्षा विकास तथा समन्वय इकाइ बाजुरा लाई लेखेको पत्र

(ङ) नियुक्ति नलिदै सफल उम्मेदवारको दरखास्त रद्द भएमा वा अन्य कारणबाट निजको सिफारिस नरहेमा बैकल्पिक उम्मेदवारलाई विव्यसको निर्णयानुसार विद्यालयले करार नियुक्ति दिई उक्त नियुक्ति अभिलेखिकरणका लागि जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ मार्तडी,बाजुरालाई लिखित जानकारी पठाउनु पर्नेछ ।

४२. **कागजातहरू गोप्य राख्नु पर्ने :** (क) करार शिक्षक छनौटका लागि शिक्षा शिक्षा विकास तथा समन्वय इकाइ मार्तडी, बाजुराको अनुमति पत्रको प्रतिलिपि, विज्ञापनको प्रतिलिपि, विज्ञापनसँग सम्बन्धित विषयमा विद्यालयले प्रकाशन गरेका सूचनाहरू, लिखित परीक्षाका प्रश्न, परीक्षण गरिएका उत्तरपुस्तिका, कोड नम्बरका अर्धकट्टी, अन्तर्वार्ता परीक्षासँग सम्बन्धित कागजातहरू र करार शिक्षक छनौट सम्बन्धी कार्यविधिको एक प्रति नत्थी भएको **अनुसूची १३** बमोजिमको फायलपञ्जिका तयार पारी परीक्षाको मितिले ६ महिना सम्म गोप्य रूपमा खामबन्दी गरी राख्नु पर्नेछ । बन्दी खामको बाहिरपट्टी समितिका पदाधिकारीको दस्तखत गर्नु पर्नेछ ।

(ख) उपदफा (क) अनुसारका कागजातहरू गोप्य रूपमा सुरक्षित राख्ने काम विद्यालयका प्रधानाध्यापकले गर्नु पर्नेछ ।

(ग) उपदफा (क) अनुसारका कागजातहरू शिक्षा विकास तथा समन्वय इकाई कैलालीले माग गरेमा गोप्य रूप मै उपलब्ध गराउनु पर्नेछ ।

(घ) उपदफा (ग) अनुसार प्राप्त हुन आएको गोप्य फायल इकाई प्रमुख वा निजले तोकेको कर्मचारीले मात्र खोल्न सक्नेछ ।

(ङ) उपदफा (क) मा उल्लेखित गोप्य कागजातहरू अन्य निकायले माग गरेको अवस्थामा उपलब्ध गराउने प्रक्रिया प्रचलित कानून अनुसार हुनेछ ।

**स्पष्टीकरण** :माथि जुनसुकै कुरा लेखिएपनि गाउँपालिकाबाट प्राप्त स्वयमसेवक शिक्षक तथा कर्मचारीके हकमा उल्लेखित सबै कुरा लागु नहुन पनि सक्छ ।

४३. **गोप्य कागजातहरूको प्रतिलिपि राख्न सकिने :** (क) गाउँपिलका शिक्षा अधिकृत वा समन्वय इकाइ प्रमुखले तोकेको अधिकृतले परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका बाहेकका अन्य केही वा सम्पूर्ण कागजातहरूको प्रतिलिपिहरू तयार पारी गोप्य रूपमा राख्न सक्नेछ ।

(ख) गाउँपिलका शिक्षा अधिकृत वा समन्वय इकाइ प्रमुखले तोकेको अधिकृतसँग परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका बाहेकका अन्य केही वा सम्पूर्ण कागजातहरूको प्रतिलिपिहरू शिक्षा विकास तथा समन्वय इकाइ मार्तडी,बाजुराले माग गरेको अवस्थामा बाहेक अन्यत्र प्रयोग गर्ने वा उपलब्ध गराउने काम गरिने छैन् । तर प्रतिलिपिहरू नराखेको वा राखेर पनि नष्ट गरिसकेको अवस्थामा उपलब्ध गराउन बाध्य गराईनेछैन् । तर गाउँपालिकाबाट प्राप्त स्वयमसेवक शिक्षक तथा

कर्मचारीके हकमा लिएके परीक्षाका कागजातहरूको प्रतिलिपिहरू गाउँपालिकाले माग गरेमा उपलब्ध गराउने गरि बढीमा ६ महिना सम्म सुरक्षित राख्नु पर्ने छ ।

(ग) उपदफा (क) गाउँपिलका शिक्षा अधिकृत वा समन्वय इकाइ प्रमुखले तोकेको अधिकृतले आफू जिम्मा राखेको परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका बाहेकका अन्य केही वा सम्पूर्ण कागजातहरूको प्रतिलिपिहरू जुनसुकै समयमा निजले नष्ट गर्न सक्नेछ ।

(घ) गाउँपिलका शिक्षा अधिकृत वा समन्वय इकाइ प्रमुखले तोकेको अधिकृतले आफू जिम्मा परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका बाहेकका अन्य केही वा सम्पूर्ण कागजातहरूको प्रतिलिपिहरू राखेको वा नष्ट गरेको जानकारी कोही कसैलाई दिन बाध्य हुनेछैन् ।

४४. **निर्देशन पालना गर्नु पर्ने :** यस कार्यविधि अनुसार कार्य सञ्चालन गर्दा समितिका पदाधिकारीहरूबीच मत बाँझिएर शिक्षा विकास तथा समन्वय इकाइ मार्तडी,बाजुराले राय माग गरिएको अवस्थामा वा प्रचलित शिक्षासँग सम्बन्धित ऐन नियमहरू संशोधन वा खारेज भई करार शिक्षक भर्ना प्रक्रियामा संशोधन भई ती विषयहरूमा शिक्षा विकास तथा समन्वय इकाइ मार्तडी,बाजुराबाट लिखित निर्देशन प्राप्त भएमा त्यसरी प्राप्त भएका निर्देशनहरूको करार शिक्षक छनौट समितिले पालना गर्नु पर्नेछ ।

४५. **जानकारी माग गर्नु पर्ने :** करार शिक्षक छनौट समितिले आफूलाई जानकारी नभएको विषयमा शिक्षा विकास तथा समन्वय इकाइ मार्तडी,बाजुराबाट लिखित रूपमा जानकारी माग गर्नु पर्नेछ । तत्काल लिखित जानकारी हासिल गर्न सम्भव नभएको अवस्थामा समन्वय प्रमुखसँग फोन सम्पर्क गरी प्राप्त भएको मौखिक निर्देशनका आधारमा समेत बाँकी काम अगाडी बढाउने वा नबढाउने निर्णय गर्न सकिनेछ ।

४६. **उम्मेदवारको हाजिरी :** लिखित र अन्तर्वार्ता परीक्षामा सहभागी भएका उम्मेदवारहरूको हाजिरी क्रमश: **अनुसूची १४** र **अनुसूची १५** बमोजिमको फाराम अनुसार राख्नु पर्नेछ ।

४७. **सुरक्षा सम्बन्धी व्यवस्था :** करार शिक्षक छनौट समितिले सञ्चालन गर्ने लिखित र अन्तर्वार्ता परीक्षाताका सुरक्षा आवश्यक ठानेमा नजीकको इलाका प्रहरी कार्यालय बाट सुरक्षा माग गर्न सकिनेछ ।

४८. **बाझिएमा गर्ने :** यस कार्यविधिमा उल्लेख भएका कुराहरू प्रचलित शिक्षा ऐन तथा नियमावलीसँग बाझिएमा ऐन तथा नियमावली अनुसार नै हुनेछ ।

४९. **विशेषज्ञको सेवा लिन सक्ने :** समितिले प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, कम्प्युटर टाईप जस्ताका कार्यका लागि दक्ष र योग्यता प्राप्त व्यक्तिहरुलाई विशेषज्ञको रुपमा प्रयोग गर्न सक्नेछ ।

५०. **परीक्षा र विज्ञापन रद्द गर्न सक्ने :** (क) परीक्षा सञ्चालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी भएमा, कुनै बाधा अवरोध खडा भएमा वा परीक्षा सञ्चालन हुन नसकेमा समितिले कारण जनाई परीक्षा रद्द गर्न सक्नेछ ।

(ख) विज्ञापनमा तोकिएको शर्त पुरा नभएका उम्मेदवारहरूले परीक्षा दिएको कुरा परीक्षा सञ्चालन पश्चात मात्र थाहा हुन आएमा वा कुनै उम्मेदवारले आफूले विज्ञापनमा उल्लेखित प्रावधानहरू पुरा नगरेको

अवस्थामा पनि पुरा गरेको भनी डरधम्कीका आडमा विद्यालयमा दरखास्त दर्ता गराएको भई डरधम्कीकै कारण वा भूलबस निजको दरखास्त स्वीकृत भई परीक्षामा निज उम्मेदवारले लिखित परीक्षा दिई सकेको भए पनि निजको परीक्षा रद्द हुनेछ ।

(ग) कुनै उम्मेदवारले परीक्षा दिंदा उत्तरपुस्तिकाको नामथर, ठेगाना जस्ता कुराहरु लेख्नु पर्ने स्थान देखि बाहेक उत्तरपुस्तिकाहरुको अन्य पृष्ठहरुमा आफूलाई चिनिने नाम वा नामको छोटकरी रुप वा फोन नम्बर वा आफूलाई चिनिने कुनै संकेत गरेको पाईएमा उत्तरपुस्तिका परीक्षणकर्ताले तत्काल निजको उत्तरपुस्तिकाको परीक्षण कार्य रोकी समिति समक्ष जानकारी गराउनु पर्नेछ ।

(घ) उपदफा (ग) अनुसार जानकारी प्राप्त हुन आएमा समितिले छानविन गरी संकेत हो भन्ने लागेमा त्यस्तो उत्तरपुस्तिका परीक्षण नगरी सर्वसम्मतबाट रद्द गर्ने निर्णय गर्नुपर्नेछ । यस उपदफा बमोजिम कसैको उत्तरपुस्तिका रद्द भएमा निजले जतिसुकै प्राप्तांक प्राप्त गरेको भए पनि निजको दरखास्त फाराम रद्द भए सरह मानी प्रतियोगिताबाट हटाईनेछ ।

(ङ) विद्यालय व्यवस्थापन समितिले शिक्षा विकास तथा समन्वय इकाई बाजुरा बाट प्राप्त शिक्षक भर्ना सम्बन्धी अनुमतिको विपरित हुने गरी विज्ञापन प्रकाशन गरेको, प्रकाशित विज्ञापन सम्बन्धित **गाउँपालिकाको** कार्यालय, र शिक्षा विकास तथा समन्वय इकाइ बाजुरामा टाँस गर्नका लागि नपठाएको पाईएमा समितिले विव्यसद्वारा प्रकाशित विज्ञापन रद्द गरी पुन : आफैले विज्ञापन प्रकाशन गर्न वा विद्यालयलाई रीतपूर्वको विज्ञापन गर्न सिफारिस गर्न सक्नेछ ।

(च) उपदफा (ङ) बमोजिम विज्ञापन रद्द भएमा वा पुनः प्रकाशन भएमा दरखास्त संकलन देखि सिफारिस सम्मका कामकार्बाहीहरु यसै कार्यविधि बमोजिम सम्पन्न गरिनेछन् ।

५१ **पदपुर्तिमाबन्देज:** विद्यालय शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाको कार्यविधिमा उल्लेख भए बाहेकका अन्य कुनै तरिकाबाट हुने छैन ।

५२**नियुक्तिवदरहुने:** यो कार्यविधिको प्रक्रिया नपुर्याई नियुक्ति गरिएका विद्यालय शिक्षकहरुको नियुक्ति गाउँ शिक्षा शाखा प्रमुखले जुन सुकै बखत बदर गर्न सक्नेछ ।

**५३तलव, सेवा, सर्त र सुविधाहरु:**

क) गाउँपालिका स्रोतबाट प्रत्येक बर्ष विनियोजन गरी दिइनेछ ।

ख) नेपाल सरकारबाट स्विकृत अनुदान भए तोकिएबमोजिम हुनेछ ।

ग) गाउँपालिकाबाट विनियोजन गरिएको रकम र विद्यालयको अन्तरिक श्रोतका आधारमा प्रत्येक बर्ष तलवमानमा पुनरावलोकन गर्न सकिनेछ । तर तलवमान कायम गर्दा नेपाल सरकारका समकक्षीको भन्दा बढी हुने गरि कायम गरिने छैन ।

घ) विद्यालय शिक्षक सार्वजनिक विदाको दिन बाहेक अन्य दिन बिहान १० बजे देखि ४ बजे सम्म विद्यालयमा उपस्थित भई काम गर्नु पर्नेछ । विद्यालयलाई

आवश्यक परेका जुन सुकै बखत पनि काममा खटाउन  यसले वाधा पारेको मानिने छैन ।

ङ) अन्य सेवा र सुविधाहरु विद्यालयको विनियम अनुसार विद्यालयले समय समयमा तोकीदिए अनुसार हुनेछ ।

५४**विदा**: विद्यालय कर्मचारीले देहाय अनुसार विदा पाउनेछन् ।

क) भैपरि अउने र पर्व विदा: ६/६ दिन

ख) विरामी विदा: बर्षमा १२ दिन

ग) सुत्केरी विदा: पहिलो र दोस्रो बच्चा हुँदा मात्र सुत्केरी हुनु पूर्व र पश्चात गरी जम्मा ६० दिन

घ) प्रसुती स्याहार विदा: १५ दिन

ङ) क्रिया विदा: १५ दिन

नोट : विदाअधिकारहोइनसहुलियतहो।

५५**शिक्षक आचारसंहिता:** विद्यालयमा नियुक्त शिक्षकहरुले देहाय अनुसारका आचारसंहीता पालना गर्नु पर्नेछ ।

क) जनजाती, भाषाभाषी, लिङ्ग, धर्म, उमेर, राजनिति तथा अपाङ्ग भएकै आधारमा होच्याउने, हिनतावोध हुने वा अपमानजनक शब्द, उखान टुक्का, हाउभाउ वा उछृङ्खल व्यवहार नगर्ने ।

ख) विद्यालयमा महीलालाई होच्याउने, अश्लील अभिव्यक्ति दिने एवं अपमानजनक खालका  उखान टुक्का, हाउभाउ वा उछृङ्खल व्यवहार नगर्ने ।

ग) छितो छरितो, पूर्ण र गुणस्तरीय आफ्नो जिम्मेवारी निर्वाह गर्न सदा प्रयत्नशील रहने ।

घ) विद्यालय हाता भित्र सुर्तीजन्य रलागुपदार्थ तथा मादकपदार्थ सेवन नगर्ने ।

ङ) आर्थिक अनुशासन, सदाचार र पारदर्शिता कायम गर्ने ।

च) राजनीतिक रुपमा तटस्थ रहने ।

छ) कार्यालय समयमा विद्यालय संग सम्बन्धित काम मात्र गर्ने ।

ज) निर्वाचनमा भाग नलीने ।

झ) प्रदर्शन, हडताल, थुनछेक र घेराउ गर्न नहुने ।

ञ) सेवाग्राही प्रती उचित सम्मानजनक, मर्यादित र शिष्ट व्यवहार गर्ने ।

ट) कसै बाट पनि नाजायज र अतिरिक्त सिविधा तथा सहुलियत नलिने ।

ठ) विद्यालयमा साधारण र राष्ट्रीयता झल्कने पहिरन तथा परिचय पत्रको प्रयोग गर्ने ।

ड) वि.व्य.स. तथा विद्यार्थिहरुका सदनबाट निर्धारण गरिएका आचारसंहिताको पालना गर्ने ।

ढ) विद्यालयको भौतिक संरचना एवं सम्पतीको संरक्षण गर्ने ।

ण) विद्यालयलाई शान्ती क्षेत्रको रुपमा व्यवस्थापन गर्न प्रयत्न गर्ने ।

५६**सजाय सम्बन्धि व्यवस्था**: विद्यालयमा नियुक्त शिक्षकले पदिय जिम्मेवारी पुरा गर्न नसकेमा त्यस्ता शिक्षकलाई वि.व्य.स.को निर्णयले देहाय अनुसार कार्यवाही गर्न सकिनेछ ।

क) नसिहत दिने ।

ख) तलब भत्ता रोक्का गर्ने ।

ग) सेवा बाट हटाउने ।

५७**सेवाबाट हटाउने र वर्खास्त गर्ने:** देहायको अवस्थामा विद्यालयमा नियुक्त करार शिक्षकहरुलाई सेवाबाट हटाउन सकिनेछ ।

क) आचरण सम्बन्धि कुरा बराबर उल्लंघन गरेमा

ख) आफ्नो पदको काम र जिम्मेवारी पुरा गर्न नसकेमा

ग) कार्यालय समयमा बराबर मादक पदार्थ सेवन गरेमा

घ) अनुशासनहिन काम गरेमा

ङ) राजनितिमा भाग लिएमा

च) आफ्नो पदको जिम्मेवारी बराबर बेवास्ता गरेमा

छ) विदा स्वीकृत नगराई १५ दिन भन्दा बढी कार्यालयमा अनुपस्थीत भएमा

ज) नैतिक पतन देखिने फौजदारी अभियोग अदालतबाट कसुरदार ठहरियमा

झ) भ्रष्टाचार गरेको प्रमाणित भएमा

**सफाई दिने मौका दिनु पर्ने:** उपदफा १ अनुसार शिक्षकलाई वर्खास्त गर्नु पुर्व निजलाई सफाई दिने पर्याप्त अवसर दिनु पर्नेछ ।

स्वामीकार्तिक खापर गाउँपालिका

५८**यसै कार्यविधि अनुसार हुने:** यो कार्यविधिमा लेखिए जती कुराहरु यसै कार्यविधि अनुसार र अन्यमा शिक्षा ऐन,२०२८ (संशोधन सहित), शिक्षा नियमावली, २०५९ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

## **अनुसूचीहरू**

अनुसूची १

दफा ११को (ग) सँग सम्बन्धित

विज्ञापनमा उल्लेख हुनु पर्ने कुराहरू

(क) विद्यालयद्वारा प्रकाशन गरिएको करार शिक्षक सम्बन्धी विज्ञापनमा देहायका कुराहरू अनिवार्य खुलाईएको हुनु पर्नेछ ।

- विज्ञापन नम्बर,
- विज्ञापन प्रकाशित मिति,
- परीक्षाको किसिम,
- लिखित परीक्षा मिति वा सो को सूचना हुने अन्य व्यवस्था,
- परीक्षा केन्द वा सो को सूचना हुने अन्य व्यवस्था,
- परीक्षा दस्तुर,
- दरखास्त दिने स्थान,
- दरखास्त दिने मिति,
- दरखास्त फाराम पाईने स्थान,
- दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू,
- अन्तर्वार्ता परीक्षा मिति,

(ख) विज्ञापन सम्बन्धी अन्य व्यहोराहरू आवश्यकता अनुसार खुलाउन सकिनेछ ।

स्वामीकार्तिक खापर गाउँपालिका

अनुसूची २

दफा १२ को (ख) सँग सम्बन्धित

<u>दरखास्त फाराममा उल्लेख हुनु पर्ने कुराहरू</u>

(क) दरखास्त फाराममा देहायका कुराहरू अनिवार्य खुलाईएको हुनु पर्नेछ ।

१. विज्ञापन नं. २. पद ३. तह ४. श्रेणी

५. विषय (विज्ञापनमा उल्लेख गरिएको भए मात्र)

६. उम्मेदवारको पुरा नामथर (देवनागरी र अँग्रेजी दुवैमा)

७. स्थायी ठेगाना ८. पत्राचार गर्ने ठेगाना

९. उम्मेदवारको बाबुआमा र बाजेको नामथर र नागरिकता

१०. उम्मेदवारको लिङ्ग ११. उम्मेदवारको जन्म मिति

१२. उम्मेदवारले हासिल गरेको शैक्षिक योग्यता र कागजातको विवरण

१३. उम्मेदवारको पासपोर्ट साईजको फोटो र सो फोटोमा समेत पर्ने गरी उम्मेदवारको दस्तखत

१४. उम्मेदवारको दायाँबायाँ बुढिऔंलाको ल्याप्चे सहीछाप र दस्तखत

(ख) दरखास्त फाराममा अन्य व्यहोरा आवश्यकता अनुसार खुलाउन सकिनेछ ।

स्वामीकार्तिक खापर गाउँपालिका

## अनुसूची ३क

### दफा १३ को (क) सँग सम्बन्धित

### दर्ता भएका दरखास्तको स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण

| क्र. सं. | दरखास्त दर्तावालाको नामथर | स्थायी ठेगाना | दरखास्त साथ संलग्न कागजातहरुको आधारमा चिन्ह लगाउने (कागजात संलग्न भएमा √ चिन्ह र नभएमा X चिन्ह लगाउने) | | | | दरखास्त फाराममा फोटो, ल्याप्चे दस्तखत आदि भए नभएको | दरखास्त साथ संलग्न जम्मा कागजात संख्या | दरखास्त स्वीकृत /अस्वीकृत | अस्वीकृत गर्नु पर्ने भए कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि | शिक्षाशास्त्र सहित न्युनतम शैक्षिक योग्यताको प्रतिलिपि | शिक्षाशास्त्र बाहेकको न्युनतम शैक्षिक योग्यता पश्चात शिक्षा विषयमा १० महिने तालिमको प्रतिलिपि | नेपाली नागरिकताको प्रतिलिपि | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ... | | | | | | | | | | |

पेश गर्ने :                                                                 प्रमाणित गर्ने :

सदस्यसचिव                                                                 अध्यक्ष

स्वामीकार्तिक खापर गाउँपालिका

अनुसूची ३ख

दफा १४ को (ख) सँग सम्बन्धित

उम्मेदवारको स्वीकृत नामावली प्रकाशनको सुचना

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०...**

**मिति : २०../ ../...**

**विषय : स्वीकृत नामावली प्रकाशन गरिएको बारे ।**

**श्री सम्पूर्ण उम्मेदवारहरू**

उपरोक्त सम्बन्धमा श्री ......................... विद्यालयको रिक्त ................तह .............. विषयको ..... कोटामा (**करार) ............** भर्नाका लागि मिति **२०.../ /**गते प्रकाशित विज्ञापन अनुसार श्री .........विद्यालयर सम्वन्धित स्थानीय तहमा दरखास्त फाराम बुझाएका तपशिलका उम्मेदवारहरूको नामावली लिखित परीक्षामा सहभागी हुन पाउने गरी स्वीकृत भएकाले प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

सदस्य सचिव                                        अध्यक्ष

| **क्र.सं.** | **नामथर** | **ठेगाना** |
|---|---|---|
| ०१. | | |
| ०२ | | |
| ०३ | | |

अनुसूची ४

दफा १९ को (ग) सँग सम्बन्धित

<u>बस्तुगत प्रश्नपत्रको नमूना</u>

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०.....**

**खण्ड (क) बहुवैकल्पिक प्रश्नहरूको उत्तरपुस्तिका**

उम्मेदवारको नाम :...................................... रोल नं............... दस्तखत :............

कोड नं....................

✂..........................................................................................................

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक छनौट समिति, २०....**

**परीक्षा मिति : ......................          कोड नं................. पूर्णाङ्क : १००**

**प्रथम पत्र(बस्तुगत)**

**तल दिइएका विकल्पहरु मध्ये सही विकल्प छनौट गर्नुहोस् ।**

**१. हाल कक्षा ५ को नेपाली विषयको साप्ताहिक पाठ्यभार कति छ ?**

क) ८    ख) ६    ग) ५    घ) ७

**२. ........................ (क्रमश १देखि ५० नम्बरका प्रश्नहरू)**

**=समाप्त=**

**(सूचना : यस भन्दा तलका हरफहरूमा उम्मेदवारहरूले केही पनि नलेख्नुहोला ।)**

..............................................................................................................................

.........................................

जम्मा सही उत्तरहरूको संख्या (अंक र अक्षरमा) :.....................................................

जम्मा गलत उत्तरहरूको संख्या (अंक र अक्षरमा) :...................................................

जम्मा छोडेको उत्तर संख्या (अंक र अक्षरमा) :.........................................................

प्रत्येक प्रश्नको गलत उत्तर वाफत २० प्रतिशतका दरले कट्टी अङ्क :

कूल २० पूर्णाङ्कमा प्राप्त गरेको प्राप्ताङ्क (अंक र अक्षरमा) :...................................

**उत्तरपुस्तिका परीक्षण गर्नेको सही :................. उत्तरपुस्तिका रूजु गर्नेको सही :........**

मिति :२०.../ /............................ मिति :२०.../ /

स्वामिकार्तिक खापर गाउँपालिका

अनुसूची ५

दफा २० को (ग) सँग सम्बन्धित

**विषयगत प्रश्नपत्रको नमूना**

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०.....**

**परीक्षा मिति २०.../ /     पूर्णाङ्क : १००**

**खण्ड (ख) विषयगत प्रश्नहरू**

**समूह (अ)**

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।     (१० x १०= १००)**

१. ........................................................ **(५+५)**

२. .......................................................

**३.......................................................**

**४.......................................................**

**५.......................................................**

**६.......................................................**

**७.......................................................**

**८.......................................................**

**९.......................................................**

**१०.......................................................**

**= समाप्त=**

स्वामीकार्तिक खापर गाउँपालिका

अनुसूची ६

दफा २८ को (क) सँग सम्बन्धित

विषयगत परीक्षाको मूल उत्तरपुस्तिकाको आवरण पृष्ठ

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०....**

**कोड नं............** **कोड नं............**

**विषयगत प्रश्नको मूल उत्तरपुस्तिका**

| **प्रश्न** | **प्राप्ताङ्क** |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |
| ९ | |
| १० | |
| **कूल प्राप्ताङ्क** | |
| **कूल प्राप्ताङ्क अक्षरमा** | |
| **परीक्षकको सही** | १. |
| | २. |

केन्द्राध्यक्षको सही

उम्मेदवारको नाम :

रोल नं.

ठेगाना :

बाबुको नाम :

बाजेको नाम :

परीक्षा मिति :

परीक्षा केन्द्र :

उम्मेदवारको सही :

**नोट : यस पृष्ठको पछाडी तर्फ केही नलेख्नुहोला ।**

स्वामीकार्तिक खापर गाउँपालिका

अनुसूची ६क

दफा २८ को (घ) सँग सम्बन्धित

विषयगत परीक्षाको थप उत्तरपुस्तिकाको पहिलो पृष्ठ

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०.....**

**थप उत्तरपुस्तिकाका संख्या : ............. केन्द्राध्यक्षको सही :..............**

---

अनुसूची ७

दफा २८ को (घ) सँग सम्बन्धित

बस्तुगत परीक्षाको उत्तरपुस्तिकाको आवरण पृष्ठ

**अनुसूची ४** बमोजिम पहिलो पानालाई नै आवरण पृष्ठको रूपमा प्रयोग गरिनेछ।

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक छनौट समिति, २०.....**

**खण्ड (क) बहुबैकल्पिक प्रश्नहरूको उत्तरपुस्तिका**

उम्मेदवारको नाम :..................................... रोल नं.............. दस्तखत :...........

कोड नं...................

✂.........................................................................................................

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक छनौट समिति, २०.....**

**परीक्षा मिति : ...................... कोड नं................ पूर्णाङ्क : १००**

**प्रथम पत्र(बस्तुगत)**

**=समाप्त=**

**(सूचना : यस भन्दा तलका हरफहरूमा उम्मेदवारहरूले केही पनि नलेख्नुहोला।)**

**..........................................................................................................................................**

**..........................................**

जम्मा सही उत्तरहरूको संख्या (अंक र अक्षरमा) :....................................................

जम्मा गलत उत्तरहरूको संख्या (अंक र अक्षरमा) :..................................................

जम्मा छोडेको उत्तर संख्या (अंक र अक्षरमा) :.........................................................

प्रत्येक प्रश्नको गलत उत्तर वाफत २० प्रतिशतका दरले कट्टी अङ्क :

कूल २० पूर्णाङ्कमा प्राप्त गरेको प्राप्ताङ्क (अंक र अक्षरमा) :................................

**उत्तरपुस्तिका परीक्षण गर्नेको सही :................. उत्तरपुस्तिका रूजु गर्नेको सही :........**

मिति :२०.../ /........................... मिति :२०../ /

स्थानीय तह गाउँपालिका

अनुसूची ८
दफा ३४ को (क) सँग सम्बन्धित

डिकोड फाराम

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०...**

**विज्ञापन नं. :** ..... **कोटाको प्रकृति : तह :** .... **श्रेणी :** .......

**कूल उम्मेदवार संख्या :** **विज्ञापन गर्ने विद्यालय ..............**

**परीक्षा केन्द्रः .........................................बाजुरा** **लिखित परीक्षा मिति** : २०..../ / .

| क्र.सं. | उम्मेदवारको | | | बस्तुगत लिखित परीक्षाको उ.पु.को | | बस्तुगत लिखित परीक्षाको उ.पु.को | | जम्मा प्राप्तांक | बर्णानुक्रम |
|---|---|---|---|---|---|---|---|---|---|
| | नामथर | बाबुको नामथर | बाजेको नामथर | कोड नं. | प्राप्तांक | कोड नं. | प्राप्तांक | | |
| ०१ | | | | | | | | | |

अनुसूची ८ (क)
दफा ३४ को (क) सँग सम्बन्धित

लिखित परीक्षाको नतीजा प्रकाशन गरिएको सूचना

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०....**

**मिति :**२०...।।

**विषय : प्रथम पत्र वस्तुगत परीक्षाको नतीजा प्रकाशित गरिएको बारे ।**

श्री ..........................बाजुराको रिक्त ....... ....तह तृतीय श्रेणी को स्वीकृत दरवन्दी/ राहत/**गा.पा. स्वयंमसेवक** अनुदान कोटा (करार) शिक्षक नियुक्तिका लागि मिति / / मा गरिएको विज्ञापन अनुसार मागपद संख्या **... ( )** का लागि मिति ......।.. ।...गते सञ्चालन भएको खुला प्रतियोगितात्मक वस्तुगत लिखित परीक्षामा सम्मिलित भएका जम्मा ......जना उम्मेदवारहरू मध्ये बर्णानुक्रमानुसार देहायका रोल नं. तथा नाम थरका उम्मेदवारहरू समितिद्धारा, स्वामीकार्तिक खापर गा.पा.मा हुने दोस्रो पत्रको परिक्षाका लागि छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सदस्य-सचिव

**तपसील** :

| **क्र.सं.** | **रोल नं.** | **नामथर** | **ठेगाना** | **अर्न्तवार्ता मिति र समय** |
|---|---|---|---|---|
| १ | | | | |
| .. | | | | |

स्वामीकार्तिक खापर गाउँपालिका

अनुसूची ९

दफा ३४ को (ग) सँग सम्बन्धित

लिखित परीक्षाको नतीजा प्रकाशन गरिएको सूचना

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०....**

**मिति :**२०....।...।

**विषय : लिखित परीक्षाको नतीजा प्रकाशित गरिएको बारे ।**

श्री ..........................बाजुराको रिक्त ....... ....तह तृतीय श्रेणी को स्वीकृत दरवन्दी/ राहत/**गा.पा. स्वयंमसेवक** अनुदान कोटा (करार) शिक्षक नियुक्तिका लागि मिति / / मा गरिएको विज्ञापन अनुसार मागपद संख्या **... ( )** का लागि मिति ......।.. ।...गते सञ्चालन भएको खुला प्रतियोगितात्मक लिखित परीक्षामा सम्मिलित भएका जम्मा ......जना उम्मेदवारहरू मध्ये बर्णानुक्रमानुसार देहायका रोल नं. तथा नाम थरका उम्मेदवारहरू समितिद्धारा, स्वामीकार्तिक खापर गा.पा.सुइजीउला, वाई, बाजुरामा हुने अन्तर्वार्ताको लागि छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । छनौट भएका उम्मेदवारहरूले प्रमाण-पत्रको सक्कल लिई तोकिएको समय भन्दा **१५ मीनेट** अगावै उपस्थित हुनुपर्ने व्यहोरा पनि यसै सूचनाद्वारा अवगत गराइएको छ ।

सदस्य-सचिव

**तपसील** :

| **क्र.सं.** | **रोल नं.** | **नामथर** | **ठेगाना** | **अर्न्तवार्ता मिति र समय** |
|---|---|---|---|---|
| १ | | | | |
| .. | | | | |

स्वामीकार्तिक खापर गाउँपालिका

अनुसूची १०

दफा ३८ सँग सम्बन्धित

**अन्तर्वार्ता फाराम**

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०....**

| क्र. सं. | रोल नं. | नामथर | प्राप्ताङ्क | | | | जम्मा अंक १५ |
|---|---|---|---|---|---|---|---|
| | | | व्यक्तित्व र पोषक (२) | विषयबस्तुको प्रस्तुति शैली (३) | समसामयिक विषय वस्तुका ज्ञान (२) | सम्बन्धित विषयको ज्ञान (३) | |
| १ | | | | | | | |
| ... | | | | | | | |

अन्तर्वार्ता लिनेको सही :

मिति : २०..../ /

अन्तर्वार्ताकारको कोड नं. :

**ध्यानाकर्षण**

- यो फाराम अन्तर्वार्ताकारलाई दिनु पूर्व अध्यक्ष र सदस्यसचिवले दस्तखत गरेर मात्र दिनु पर्नेछ ।
- यो फाराममा टिपेक्सको प्रयोग गर्न पाईनेछैन् ।
- अन्तर्वार्ताकारले आफूले एकपटक दिएको अंकलाई सच्याउन नपाईने भएकाले अन्तर्वार्ता लिई सकेपछि यस फारममा उम्मेदवारले प्राप्त गरेको अंक उम्मेदवारलाई चिनिने संकेत नलेखेरै खेस्राकागजमा टिपेर जोड गरेर यकिन गरिसकेपछि मात्र यस फाराममा चढाउनु होला र त्यसरी गरेको खेस्रा तत्काल च्यातेर नचिनिने गरी फाल्नु पर्नेछ ।

अनुसूची ११

दफा ४० को (क) सँग सम्बन्धित

**योग्यताक्रम सूची**

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०.....**

**विज्ञापन नं. :-** **पद :-**.......... कोटा (करार) शिक्षक **तह :-** .. **श्रेणी :-**

लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छानिएका उम्मेदवार संख्या :-

परीक्षा केन्द्र :- लिखित परीक्षा मिति :- अन्तर्वार्ता परीक्षा मिति :-

| क्र. सं. | रोल नं. | उम्मेदवारको नामथर | लिखित परीक्षाको प्राप्ताङ्क | | अन्तर्वार्ता परीक्षाको प्राप्तांक | | | | | | | नियुनतम शैक्षिक योग्यताको अंक | एक तह माथिको शैक्षि योग्यता बापतको अंक | सेवागरेबापत बापतको अंक ५ | लिखित, अन्तर्वाता र शैक्षिक योग्यताको दुवैको कूल प्राप्तांक | योग्यताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम पत्र | द्वितय पत्र | १ | २ | ३ | ४ | ५ | जम्मा | औषत अंक | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | | | | | |

अनुसूची १२

दफा ४१को (क) सँग सम्बन्धित

**सिफारिस सूचनाको नमूना**

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०.....**

**मिति :** .............

**विषय : सिफारिस गरिएको बारे ।**

श्री विद्यालय व्यवस्थापन समिति
श्री .............................
बाजुरा ।

श्री .................को रिक्त ....तह ......... श्रेणी को .............. कोटामा करार शिक्षक नियुक्तिका लागि मिति **......./../..**मा प्रकाशित गरिएको विज्ञापन अनुसार स्वीकृत दरवन्दीमा .........**करार ........** पदको माग पदसंख्या **..... (...)** का लागि मिति .......।..।... मा लिइएको अन्तर्वार्तामा उपस्थित उम्मेदवार संख्या ....को लिखित परीक्षा र अन्तर्वार्ता परीक्षाको प्राप्तांकबाट देहाय बमोजिम योग्यताक्रम कायम हुन आएकोले नियुक्तिको लागि सिफारिश गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सदस्य-सचिव                                                        अध्यक्ष

**सफल उम्मेदवार :**

| **क्र.सं.** | **रोल नं.** | **नामथर** | **ठेगाना** | **बाबुको नाम** | **बाजेको नाम** |
|---|---|---|---|---|---|
| | | | | | |

**बैकल्पिक :**

| **क्र.सं.** | **रोल नं.** | **नामथर** | **ठेगाना** | **बाबुको नाम** | **बाजेको नाम** |
|---|---|---|---|---|---|
| | | | | | |

**बोधार्थ :**

श्री (सफल उम्मेदवारको नामथर,
स्थायी ठेगाना) : नियुक्तिका लागि सम्बन्धित विद्यालयमा सम्पर्क राख्न जानु होला ।

स्वामीकार्तिक खापर गाउँपालिका

अनुसूची १३

दफा ४२ को (क) सँग सम्बन्धित

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०....**

**<u>फायल पञ्जिका</u>**

| ऋ.सं. | विवरण |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

स्वामीकार्तिक खापर गाउँपालिका

अनुसूची १४

दफा ४६ सँग सम्बन्धित

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०.....**

**मिति :** ........................

**लिखित परीक्षामा सहभागी उम्मेदवारहरूको हाजिरी विवरण**

| **क्र.सं.** | **रोल नं.** | **नामथर** | **ठेगाना** | **दस्तखत** |
|---|---|---|---|---|
| १ | | | | |
| .. | | | | |

**प्रमाणित गर्नेको सही :**

नाम :...............

पद : केन्द्राध्यक्ष

मिति :................

अनुसूची १५

दफा ४६ सँग सम्बन्धित

**गा.पा.स्वयंमसेवक/करार/राहात/इ.सी.डी.स.का./विद्यालय कर्मचारी तथा सहयोगीको करार शिक्षक तथा कर्मचारी छनौट समिति, २०....**

**मिति :** ........................

**अन्तर्वाता परीक्षामा सहभागी उम्मेदवारहरूको हाजिरी विवरण**

| **क्र.सं.** | **रोल नं.** | **नामथर** | **ठेगाना** | **दस्तखत** |
|---|---|---|---|---|
| १ | | | | |
| .. | | | | |

**प्रमाणित गर्नेको सही :** नाम :............... पद : अध्यक्ष मिति :................

स्वामीकार्तिक खाँडपा गाउँपालिका

<u>करार शिक्षक सम्बन्धमा शिक्षा नियमावली, २०५९ मा भएको व्यवस्था</u>

**नियम ९६क :**

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न समुदायद्धारा सञ्चालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्त भएका शिक्षकको बढुवाको लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षकको नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ;

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत - सदस्य

ग) माध्यमिक तहको शिक्षक छनोट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनोट गर्नु पर्ने भए शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह उत्तिर्ण गरेका व्यक्तिहरू मध्येबाट उपलब्ध भए सम्म एक जना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

घ) प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम प्रधानाध्यापकको नियुक्तिको लागि सिफारिस गर्न बसेको शिक्षक छनोट समितिको वैठकमा सो विद्यालयको प्रधानाध्यापकमा उम्मेदवार नभएको उपलब्ध वरिष्ठतम् शिक्षकले सदस्य-सचिव भई कार्य गर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) शिक्षक छनोट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(५) आयोगले शिक्षक छनोट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्याविधि जारी गरेको भए शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(६) उपनियम (१) को खण्ड (ग) को प्रयोजनका लागि जिल्ला शिक्षा कार्यालयले विशेषज्ञको सुची अद्यावधिक गरी राख्नु पर्नेछ ।

(७) शिक्षक छनोट समितिले शिक्षक सिफारिसका लागि लिईने परीक्षाको केन्द्र जिल्ला सदरमुकाम वा स्रोतकेन्द्रमा राख्नु पर्नेछ ।

(८) शिक्षक छनोट समितिको वैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**नियम ९७ :**

(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले जिल्ला शिक्षा कार्यालय मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित भएको सूची प्राप्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त सूचीमा रहेका उम्मेदवारहरू मध्येबाट व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम आयोगबाट प्रकाशित सुचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सुचीमा समावेश भएका उम्मेदवारहरूको शिक्षक पदमा नियुक्त हुन निवेदन नपरेमा व्यवस्थापन समितिले शिक्षक

छनोट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रका लागि कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा जिल्ला शिक्षा कार्यालयबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर मात्र नियुक्ति गर्नु पर्नेछ र माध्यमिक तथा निम्न माध्यमिक तहमा विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) उपनियम (३) बमोजिम शिक्षक नियुक्तिको लागि गरिएको विज्ञापनको सुचना जिल्ला शिक्षा कार्यालय, सम्बन्धित विद्यालयको स्रोतकेन्द्र र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा टाँस गर्नु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्त हुने निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाण-पत्र र अनुसूची-१४ बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्ति गरेको जानकारी जिल्ला शिक्षा कार्यालयलाई दिनु पर्नेछ ।

(८) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पदपुर्ति नभएसम्म एक पटकमा ६ महिना नबढाई करारको म्याद थप गर्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिम म्याद थपिएको जानकारी विद्यालयले जिल्ला शिक्षा कार्यालयलाई दिनु पर्नेछ ।

(१०) यस नियम बमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरिएमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो नियुक्ति बदर गर्नु पर्नेछ ।

**आज्ञाले**
**अमर बहादुर रोकाया**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

स्वामीकार्तिक खाम्‍ह गाउँपालिका